नेपाल सरकार

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

फोन नं : ०१-४२११५१६
फ्याक्स : ०१-४२११५१०
सिंहदरबार, काठमाडौं।

प.सं. :
च.नं. :

प्रेस विज्ञप्ति

मितिः २०८३/०७/१६

यस मन्त्रालबाट पछिल्लो १५ दिनमा भएका प्रमुख गतिविधि निम्नअनुसार रहेको व्यहोरा जानकारीको लागि अनुरोध छ।

१. विद्युत व्यापारका निम्ति पहिलोपटक निजी क्षेत्रलाई समेत बाटो खुलेको छ। ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रीज्यूले अन्तरदेशीय विद्युत् व्यापारको तयारी गर्न निजी क्षेत्रलाई सैद्धान्तिक सहमति प्रदान गर्न आशयपत्र जारी गर्ने निर्णय गर्नु भएसँगै अब निजी क्षेत्रले पनि विद्युत बजार खोज्न र व्यापार गर्न बाटो खुलेको छ। आशयपत्र प्राप्त कम्पनीले प्रत्येक त्रैमासिक अवधि समाप्त भएको १५ दिनभित्र प्रगति प्रतिवेदन मन्त्रालयमा पेस गर्नुपर्ने व्यवस्था गरिएको छ। त्यस्तै प्रतिवेदनमा सम्पन्न काम, उपलब्धि, निर्धारित लक्ष्यअनुसारको प्रगति, देखिएका समस्या र आगामी कार्ययोजना समेट्नु पर्नेछ। आवश्यकता अनुसार मन्त्रालयले थप कागजात वा स्पष्टीकरणसमेत माग गर्न सक्नेछ।

२. गत असोज ११ गतेको बाढीपहिरो तथा कालीगण्डकी नदीको कटानबाट क्षतिग्रस्त कालीगण्डकी करिडोर २२० केभी प्रसारण लाइनको म्याग्दीस्थित दाना-राहुघाट खण्ड नेपाल विद्युत् प्राधिकरणले आपत्कालीन पुनःस्थापना प्रणाली (**ERS**) टावर प्रयोग गरी २१ दिनपछि अस्थायी रूपमा सञ्चालनमा ल्याएको छ। यससँगै अवरुद्ध रहेका पाँच जलविद्युत् आयोजनाका कुल १७० मेगावाट विद्युत् राष्ट्रिय प्रसारण प्रणालीमा पुनः प्रवाह भएको छ। स्थायी टावर निर्माण सम्पन्न भएपछि प्रसारण लाइन नियमित रूपमा सञ्चालनमा आउनेछ।

३. मिति २०८३ कार्तिक १२ गते जल विज्ञान तथा जलस्रोत अनुसन्धान केन्द्रले आफैले विकास गरेको पहिरो पूर्व सूचना प्रणाली मार्फत नेपालमा पहिलो पटक देशका प्रमुख राजमार्गमा पहिरोको पूर्वानुमान तथा पुर्वसूचना जारी गरेको छ। यसले पहिरोको सम्भावित जोखिमबारे समयमै पुर्व सूचना प्रदान गरी आमजनता, यात्रु, चालक तथा सम्बन्धित निकायलाई सतर्क गराउन मद्दत गरेको छ। केन्द्रले पहिरो पूर्वानुमान तथा पुर्वसूचना सेवा आगामी दिनमा समेत सुचारु राख्नेछ।

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

फोन नं : ०१-४२११५१६
फ्याक्स : ०१-४२११५१०
सिंहदरबार, काठमाडौं।

प.सं. :
च.नं. :

४. नेपाल विद्युत् प्राधिकरणले चालु आर्थिक वर्ष २०८३/८४ को असोज महिनामा भारततर्फ ६३ करोड ३९ लाख युनिट विद्युत् निर्यात गरी रु. ५ अर्ब ९२ करोड ५० लाख बराबरको कारोबार गरेको छ। साथै, बाढीका कारण रोकिएको बंगलादेशतर्फको ४० मेगावाट विद्युत् निर्यात पुनः सुरु भएको छ। भारतबाट थप ३१ मेगावाट निर्यात अनुमति प्राप्त भएसँगै भारततर्फ निर्यात स्वीकृति प्राप्त कुल क्षमता करिब १,१७९ मेगावाट पुगेको छ। चालु आवको पहिलो तीन महिनामा विद्युत् निर्यातबाट कुल रु. १६ अर्ब १५ करोड १३ लाख बराबरको कारोबार भएको छ।

५. माननीय ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री विराज भक्त श्रेष्ठले थाईल्याण्डको बैंककमा आयोजित संयुक्त राष्ट्रसङ्घीय एसिया तथा प्रशान्त क्षेत्रीय पाँचौं मन्त्रीस्तरीय सम्मेलनलाई सम्बोधन गर्दै जलवायु परिवर्तनजन्य हिमाली तथा बहुप्रकोप जोखिम न्यूनीकरणका लागि अन्तरिक्ष प्रविधि, उपग्रह तथ्याङ्क आदानप्रदान, प्रभावकारी पूर्वसूचना प्रणाली र क्षेत्रीय सहकार्य सुदृढ गर्न आह्वान गर्नुभयो। उहाँले हालैका विपदबाट करिब २.७ अर्ब अमेरिकी डलर बराबरको क्षति भएको र पुनःप्राप्ति तथा पुनर्निर्माणका लागि ४.८ अर्ब अमेरिकी डलर आवश्यक रहेको उल्लेख गर्दै नेपाललाई जलवायु तथा बहुप्रकोप जोखिमसम्बन्धी क्षेत्रीय अनुसन्धान र ज्ञान आदानप्रदान केन्द्रका रूपमा विकास गर्न तयार रहेको धारणा व्यक्त गर्नुभयो। साथै, सन् २०४५ सम्म शून्य कार्बन उत्सर्जन हासिल गर्ने नेपालको प्रतिबद्धता दोहोऱ्याउनुभयो।

६. मोरङ जिल्ला तथा आसपासका क्षेत्रको विद्युत् आपूर्तिलाई पर्याप्त, भरपर्दो र गुणस्तरीय बनाउन कानेपोखरी गाउँपालिका–२ मा करिब रु. १ अर्बको लागतमा १३२ केभी क्षमताको केरौन सबस्टेसन निर्माण सम्पन्न भएको छ। कुल १४८.५ एमभिए क्षमता रहेको सबस्टेसनमा १३२/३३ केभीका दुईवटा पावर ट्रान्सफर्मर तथा ११ केभीका पाँचवटा फिडर जडान गरिएको छ। सबस्टेसन सञ्चालनमा आएपछि हालको करिब ५० किलोमिटर लामो दुहवी–रानी–रङ्गेली ३३ केभी लाइनमा निर्भरता घट्ने र मोरङ तथा आसपासका क्षेत्रमा विद्युत् आपूर्तिको गुणस्तर र विश्वसनीयतामा सुधार हुने अपेक्षा गरिएको छ।

२३/६/१९

मोहन कुमार शाक्य
सहसचिव एवम् प्रवक्ता